Riviera International Academy
www.riviera.edu.np

# दसैं बिदा सम्बन्धी सूचना

**आदरणीय अभिभावकज्यू,**

**वि. स. २०७८ सालको विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४२ तथा छठ पर्वको शुभ अवसरमा सम्पूर्ण अभिभावकज्यूहरू तथा विद्यार्थी भाइबहिनीहरूमा सुस्वास्थ्य, दिर्घायू तथा उत्तरोतर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।**

यही मिति २०७८ साल असोज २१ गते बिहीबारदेखि कार्तिक ३ गते बुधबारसम्म दसैँ बिदा दिइएको कुरा अवगत गराउन चाहन्छौँ । मिति २०७८ साल कार्तिक ४ गते बिहीबारदेखि कार्तिक १६ गते मङ्गलबारसम्म **अनलाइन कक्षाहरू** सञ्चालन हुने कुरा जानकारी गराउन चाहन्छौँ । तिहारको बिदापश्चात विद्यालय भौतिक रूपमा खोल्ने गरी तयारी गरिएको कुरा पनि अवगत गराउन चाहन्छौँ ।

दसैँको बिदाको समयलाई सिर्जनात्मक रूपमा सदुपयोग गर्न यहाँका नानीबाबुहरूको लागि दसैँ गृहकार्यको प्रबन्ध गरिएको कुरा जानकारी गराउदै विद्यालयको website (www.riviera.edu.np) मा अपलोड गरिएको कुरा पनि अवगत गराउन चाहन्छौँ । उक्त गृहकार्य आफ्ना नानीबाबुलाई गर्न लगाइ विद्यालय खुल्ने पहिलो दिन विद्यालय एपको **Assignments** अप्सनमा अपलोड गर्न लगाउनु हुन वा विद्यालयमा ल्याई बुझाई दिनुहुन हार्दिक अनुरोध गर्दछौं।

धन्यवाद।

**विद्यालय प्रशासन**
**रिभेरा इन्टरनेसनल एकेडेमी**